# काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना संचालन कार्यविधि–२०७४

काठमाडौं–तराई/मधेश द्रुतमार्ग सडक आयोजना नेपाली सेनाले निर्माण व्यवस्थापन गर्नुपर्ने विशेष परिस्थिति उत्पन्न भएकोले राष्ट्रिय गौरवको उच्च प्राथमिकताप्राप्त एवं रणनीतिक महत्व समेत बोकेको यस आयोजनालाई तोकिएको समयावधिभित्रै सम्पन्न गर्ने प्रयोजनका लागि आवश्यक कार्यविधि बनाउन बाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग आयोजना संचालन कार्यविधि, २०७४" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अध्यक्ष" भन्नाले निर्देशक समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "अन्य सेवा" भन्नाले सवारी साधन, उपकरण वा मालसामान भाडामा लिने, ढुवानी गर्ने, मालसामान मर्मत सम्भार गर्ने कार्य सम्झनु पर्छ।

(ग) "अनुगमन समिति" भन्नाले दफा ३ बमोजिम गठित उच्चस्तरीय नीतिगत समन्वय तथा अनुगमन समिति सम्झनु पर्छ।

(घ) "आयोजना" भन्नाले नेपाल सरकारबाट स्वीकृत दफा ८ बमोजिमको काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग आयोजना सम्झनु पर्छ।

(ङ) "आयोजना प्रमुख" भन्नाले नेपाली सेना, जंगी अड्डा, इन्जिनियरिङ विभागको विभागीय प्रमुख सम्झनुपर्छ।

(च) "कार्यदल" भन्नाले आयोजना कार्यान्वयनको लागि निर्माण स्थलमा स्थापना गरिएको इकाई समेत सम्झनुपर्छ।

(छ) "कार्यालय" भन्नाले आयोजनाको कार्यालय सम्झनु पर्छ।

(ज) “खरिद” भन्नाले आयोजनाले कुनै मालसामान, परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने वा गराउने कार्य सम्झनु पर्छ ।

(झ) “जनशक्ति” भन्नाले आयोजनाको लागि नेपाल सरकार तथा नेपाली सेनावाट खटिएका स्थायी, अस्थायी वा करारमा नियुक्त भएका व्यक्ति सम्झनु पर्छ ।

(ञ) “निर्देशक समिति” भन्नाले दफा ५ बमोजिम गठित अधिकार सम्पन्न निर्देशक समितिसम्झनुपर्छ ।

(ट) “परामर्श सेवा” भन्नाले कुनै अध्ययन, अनुसन्धान, सर्भेक्षण, डिजाइन, ड्रइङ, सुपरीवेक्षण, तालीम, परीक्षण गर्ने काम, सफ्टवेयरको विकास वा यस्तै प्रकृतिका अन्य बौद्धिक वा पेशागत सेवा सम्झनु पर्छ ।

(ठ) “बजेट” भन्नाले आयोजनाको लागि नेपाल सरकारबाट विनियोजित रकम सम्झनु पर्छ ।

(ड) “बोलपत्र (टेण्डर वा विड)” भन्नाले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले सिलबन्दी गरी पेश गरेको कार्यविवरण र दर सहितको प्रस्तावलाई सम्झनु पर्छ ।

(ढ) “मन्त्रालय” भन्नाले रक्षा मन्त्रालय सम्झनु पर्छ ।

(ण) “महाशाखा” भन्नाले आयोजना कार्यान्वयनको लागि कार्यालयको मातहतमा स्थापना गरिएका महाशाखा सम्झनुपर्छ ।

(त) “विभाग” भन्नाले नेपाली सेना, ईन्जिनियरिङ विभाग, जंगी अड्डा सम्झनुपर्छ।

(थ) “विस्तृत आयोजना प्रतिवेदन” भन्नाले आयोजना निर्माण कार्यको लागि परामर्शदाताबाट तयार गरिएको वा गरिने विस्तृत आयोजना प्रतिवेदन सम्झनु पर्छ ।

(द) “शाखा/उपशाखा” भन्नाले आयोजना कार्यान्वयनको लागि कार्यालयको मातहतमा स्थापना गरिएको शाखा/उपशाखा सम्झनु पर्छ ।

(ध) “सदस्य” भन्नाले अनुगमन समिति तथा निर्देशक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले संयोजक, अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

(न) “सदस्य सचिव” भन्नाले निर्देशक समितिको सदस्य सचिव सम्झनुपर्छ ।

(प) “संयोजक” भन्नाले अनुगमन समितिको संयोजक सम्झनुपर्छ ।

## परिच्छेद-२
## अनुगमन समिति तथा निर्देशक समिति सम्बन्धी

३. अनुगमन समितिः (१) आयोजना सम्बन्धी काम कारबाहीको अनुगमन, मूल्याङ्कन र समन्वय गर्न देहाय बमोजिमको एक उच्चस्तरीय नीतिगत समन्वय तथा अनुगमन समिति रहनेछः-

(क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग -संयोजक

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (पूर्वाधार हेर्ने) -सदस्य

(ग) सचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सचिव, रक्षा मन्त्रालय -सदस्य

(ङ) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तोकेको एकजना विज्ञ -सदस्य

(च) सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय -सदस्य-सचिव

(२) अनुगमन समितिले आयोजना कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गरी मासिक रुपमा प्रधानमन्त्री समक्ष प्रतिवेदन पेश गर्नेछ ।

४. अनुगमन समितिको बैठकः (१) अनुगमन समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) अनुगमन समितिको बैठकको अध्यक्षता संयोजकले र निजको अनुपस्थितिमा राष्ट्रिय योजना आयोगको सदस्यले गर्नेछ ।

(३) अनुगमन समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ, नेपाल सरकारको कुनै अधिकृत वा नेपाली सेनाका सैनिक अधिकृतलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) अनुगमन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि अनुगमन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. निर्देशक समितिः आयोजना कार्यान्वयनकोलागि देहाय बमोजिमको एक अधिकार सम्पन्न निर्देशक समिति रहनेछः-

(क) प्रधान सेनापतिले तोकेको रथी -अध्यक्ष

(ख) उपरथी, महानिर्देशक, व्यवस्था तथा युद्धकार्य -सदस्य

महानिर्देशनालय, जंगी अड्डा

(ग) सह सचिव, रक्षा मन्त्रालय -सदस्य

(घ) सह सचिव, अर्थ मन्त्रालय -सदस्य

(ङ) सह सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय -सदस्य

(च) सह सचिव, राष्ट्रिय योजना आयोग -सदस्य

(छ) आयोजना प्रमुख -सदस्य-सचिव ।

६. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोजनाको निर्माण कार्य गुणस्तरीय ढंगले समयमै सम्पन्न गर्न आयोजना प्रमुखलाई आवश्यक निर्देशन दिने,

(ख) आयोजना प्रमुखबाट पेश भएका कार्य योजना तथा वार्षिक कार्यक्रम स्वीकृत गर्ने,

(ग) आयोजनाको लागि आवश्यक पर्ने बजेट नेपाल सरकारसँग माग गर्ने,

(घ) कार्यालयबाट प्राप्त प्रगति प्रतिवेदन मासिक रुपमा अनुगमन समितिमा पेश गर्ने,

(ङ) वार्षिक रुपमा स्वीकृत बजेट अपुग भएमा थप बजेटको लागि मन्त्रालयमा पेश गर्ने,

(च) आयोजनालाई छिटो छरितो रुपमा सम्पन्न गर्न सम्बन्धित मन्त्रालय, विभाग तथा अन्य सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गर्ने तथा सो सम्बन्धमा आयोजना प्रमुखलाई आवश्यक निर्देशन दिने,

(छ) आयोजना कार्यान्वयनको क्रममा कुनै निर्माण सामाग्री, साधन, उपकरण तत्काल उपलब्ध नभई निर्माण कार्यमा कठिनाई परी वा आयोजना अर्न्तगतका निर्माण कार्यहरु तोकिएको समयमा सम्पन्न गर्न बाधा परेमा त्यस्तो अवरोध फुकाउन आवश्यक सहजीकरण गर्ने,

(ज) आयोजना सम्पन्न गराउन अन्य आवश्यक कार्य गर्ने वा गराउने ।

७. निर्देशक समितिको बैठकः(१) निर्देशक समितिको बैठक साधारणतयाः महिनाको एक पटक बस्नेछ ।

(२) निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) निर्देशक समितिको बैठकको अध्यक्षता निर्देशक समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपरथीले गर्नेछ ।

(४) निर्देशक समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ, नेपाल सरकारको कुनै अधिकृत वा नेपाली सेनाका सैनिक अधिकृतलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) निर्देशक समितिको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(६) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३
## आयोजना कार्यान्वयन सम्बन्धी

८. आयोजना निर्माण क्षेत्रः (१) आयोजनाको निर्माणक्षेत्र नेपाली सेनाद्वारा खोलिएको प्रारम्भिक पाईलट ट्र्याक तथा आयोजनाको लागि रेखाङ्कन गरिएको काठमाण्डौ-निजगढ खण्डको ७६.२ किलोमिटर लम्बाई क्षेत्र हुनेछ ।

(२) उपदफा (१) बमोजिमको आयोजना क्षेत्र वा आयोजनाको सडक रेखाङ्कन निर्देशक समितिको सिफारिशमा नेपाल सरकारले हेरफेर गर्न सक्नेछ ।

९. आयोजना हस्तान्तरणः (१) आयोजना कार्यान्वयन सम्बन्धमा सडक विभागमा रहेको काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाबाट भए गरेका काम कारबाही तथा आयोजनासँग सम्बन्धित कागजात सडक विभागले कार्यालयलाई हस्तान्तरण गर्नेछ ।

(२) नेपाल सरकारबाट स्वीकृत भएको आयोजना प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयन गरिनेछ ।

(३) नेपाल सरकारले निर्देशक समितिको सिफारिशमा आयोजना प्रतिवेदनमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

(४) आयोजनाको निर्माण कार्य गर्दा निर्माण कार्य सम्बन्धी प्रचलित कानून बमोजिमको नर्म्समा नपरेका र स्पष्ट नभएका नविनतम र उच्च प्रविधिसँग सम्बन्धित

विषयमा सम्बन्धित विज्ञको राय लिई निर्देशक समितिले स्वीकृत गरेको निर्माण कार्य सम्बन्धी नर्म्स प्रयोग गर्न सकिनेछ ।

१०. आयोजना कार्यान्वयनः नेपाली सेनाले आयोजनामा खटिएको जनशक्ति र प्रचलित कानून बमोजिमको खरिद प्रकृया अपनाई निर्माण कार्य, परामर्श सेवा वा अन्य सेवा लिई आयोजनाको कार्यान्वयन गर्नेछ ।

११. आयोजनाको कार्यालयः (१) आयोजना कार्यान्वयनको लागि नेपाली सेनाको जंगी अड्डा परिसरमा आयोजनाको कार्यालय रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यालयमा आयोजना प्रमुख सहित अन्य कर्मचारी रहनेछन् ।

(३) आयोजना प्रमुखले आयोजना सम्बन्धी राय, सल्लाह तथा सुझाव दिनको लागि प्रचलित कानून बमोजिम स्वदेशी वा विदेशी परामर्शदाता, विज्ञ वा सल्लाहकार नियुक्त गर्न सक्नेछ ।

(४) आयोजना कार्यान्वयनको लागि अनुसूचीमा उल्लेख भए बमोजिमका महाशाखा, शाखा वा इकाईहरु रहनेछन् ।

१२. जनशक्ति व्यवस्थापनः (१) आयोजना कार्यान्वयन गर्न आवश्यक संख्यामा जनशक्ति रहनेछन् ।

(२) आयोजनाको लागि आवश्यक पर्ने जनशक्ति नेपाली सेनाको जनशक्ति विभाग र अन्य विभागबाट काजमा झिकाई व्यवस्था गरिनेछ ।

(३) उपदफा (२) बमोजिम आयोजना कार्यान्वयनको लागि आवश्यक जनशक्ति उपलब्ध हुन नसकेमा निर्देशक समितिको स्वीकृतिमा आयोजना प्रमुखले करार सेवामा नियुक्त गर्न सक्नेछ ।

(४) लेखा सम्बन्धी कार्यको लागि आवश्यक जनशक्ति नेपाली सेनाको आर्थिक प्रशासन विभागले उपलब्ध गराउनेछ ।

१३. कार्य प्रगति विवरण पेश गर्नेः आयोजनाको कार्यालयमा रहने महाशाखा तथा शाखाले प्रत्येक महिनाको कार्य प्रगति विवरण अर्को महिनाको पहिलो हप्ताभित्र आयोजना प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

१४. काम कारबाही तोक्नेः आयोजनाको कार्यालयमा रहने महाशाखा, शाखा, उपशाखा र कार्यदलहरुको कार्य आयोजना प्रमुखले तोके बमोजिम हुनेछ ।

१५. आयोजनाको छाप र लेटर हेडः आयोजनाको छाप तथा लेटर हेड निर्देशक समितिले स्वीकृत गरे बमोजिम हुनेछ ।

१६. आयोजना प्रमुखको काम, कर्तव्य र अधिकारः आयोजना प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोजना कार्यान्वयन सम्बन्धी कार्ययोजना तयार गरी स्वीकृतिको लागि निर्देशक समितिमा पेश गर्ने,

(ख) आयोजना मातहतका कार्यालयबाट प्राप्त प्रगति प्रतिवेदन मासिक रुपमा निर्देशक समितिमा पेश गर्ने,

(ग) आयोजनाको लागि निकासा भएको बजेट रकममा थप गर्नु परेमा वा कार्यक्रम संशोधन गर्नु परेमा निर्देशक समितिमा पेश गर्ने,

(घ) खरिद कार्य, परामर्श सेवा वा अन्य सेवाको लागत अनुमान तयार गर्ने, गराउने ।

(ङ) परामर्शदाता, विज्ञ तथा सल्लाहकारको कार्य क्षेत्रगत शर्त तोक्ने,

(च) आयोजनाको लक्ष्य अनुरुप कार्य भए नभएको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्ने र लक्ष्य अनुरुप कार्य गन गराउन आवश्यक व्यवस्था गर्ने,

(छ) आयोजनाको कार्यान्वयन गर्न आवश्यक खरिद कार्यको लागि प्रचलित कानून बमोजिम बोलपत्र आव्हान गर्ने, सो को मूल्यांकन गर्ने र बोलपत्र स्वीकृत गर्ने,

(ज) आयोजना निर्माणको क्रममा कुनै निर्माण सामाग्री, साधन वा उपकरण तत्काल उपलब्ध नभएको कारण निर्माण कार्यमा कठिनाई भएमा वा तोकिएको समयमा आयोजना सम्पन्न गर्न कुनै बाधा परेमा सो को समाधानको लागि आवश्यक पहल गर्ने तथा आवश्यकता अनुसार समस्या समाधानको लागि निर्देशक समिति समक्ष पेश गर्ने,

(झ) आयोजनामा खटिएका जनशक्तिको योग्यता, ज्ञान, क्षमता र सीप अनुसार जिम्मेवारी दिई कार्य गराउने,

(ञ) आयोजनामा आन्तरिक नियन्त्रण प्रणाली कायम राख्ने,

(ट) आयोजनाको लेखा प्रचलित कानून बमोजिम राख्न लगाउने,

(ठ) आयोजनाको प्रशासकीय प्रमुख भई काम गर्ने,

(ढ) आयोजना कार्यान्वयन गर्न आवश्यकता अनुसार अन्य कार्य गर्ने, गराउने ।

१७. खाता सञ्चालनः आयोजनाको खाता सञ्चालन आयोजना प्रमुख तथा लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१८. लेखा प्रमुखको काम, कर्तव्य र अधिकारः लेखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आर्थिक कारोबारको सम्बन्धमा आयोजना प्रमुखले तोके बमोजिमको कामको जिम्मा लिई प्रचलित कानून तथा यस कार्यविधि बमोजिम आयव्ययको लेखा राख्ने,

(ख) आयोजनाको आन्तरिक लेखापरीक्षण गराउने,

(ग) प्रचलित कानून बमोजिम अन्तिम लेखा परीक्षण गराई लेखा परीक्षणबाट देखाइएका कैफियत वा बेरुजूलाई नियमित तथा फछ्र्यौट गर्ने, गराउने,

(घ) आयोजना कार्यान्वयन गर्दा आर्थिक अनुशासन तथा पारदर्शिता कायम गर्ने गराउने ।

१९. जग्गा प्रयोग गर्न सक्नेः (१) आयोजना कार्यान्वयन गर्दा निर्माण सामाग्री राख्न, पहुँच मार्ग बनाउन वा अन्य कुनै कामको लागि अस्थायी रुपमा जग्गा प्रयोग गर्नु परेमा आयोजनाको लागि त्यस्तो जग्गा प्रयोग गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा प्रयोग गर्दा कुनै व्यक्तिको सम्पत्ति कुनै किसिमले हानी नोक्सानी भएमा आयोजनाले प्रचलित कानून बमोजिमको क्षतिपूर्ति दिनु पर्नेछ ।

२०. निर्माण सामाग्री प्रयोग गर्न सक्नेः आयोजना कार्यान्वयन गर्दा प्रचलित कानूनको अधिनमा रही स्थानीय रुपमा उपलब्ध ढुंगा, गिट्टी, ग्रावेल, बालुवा जस्ता निर्माण सामाग्री प्रयोग गर्न सकिनेछ ।

२१. जग्गा प्राप्त गर्नेः (१) आयोजनाको लागि यो कार्यविधि लागू हुनुपूर्व सडक विभागले जग्गा प्राप्तिको लागि कारबाही चलाइसकेको जग्गा सडक विभागले प्राप्त गरी आयोजनालाई उपलब्ध गराउनेछ ।

(२) यो कार्यविधि लागू भएपछि आयोजनाको लागि कुनै जग्गा प्राप्त गर्नु परेमा आयोजनाको सिफारिशमा मन्त्रालयले जग्गा प्राप्ति गर्नेछ ।

२२. मुआब्जा दिनेः (१) आयोजनाको लागि यो कार्यविधि लागू हुनुपूर्व जग्गा प्राप्त गरिएको मुआब्जा आयोजनाले सम्बन्धित जग्गाधनीलाई उपलब्ध गराउनेछ ।

(२) कुनै जग्गाधनीले मुआब्जा बुझी नलिएको कारणले मात्र आयोजना कार्यान्वयनमा कुनै बाधा पर्ने छैन ।

२३. बहालमा लिन सक्ने : आयोजनाका लागि आवश्यक भएमा आयोजनाले कसैको घर, जग्गा वा मेसिन उपकरण निश्चित अवधिसम्मको लागि प्रचलित कानून बमोजिम बहालमा लिन सक्नेछ ।

२४. रुख कटानसम्बन्धी व्यवस्था : (१) आयोजना कार्यान्वयन गर्दा कुनै राष्ट्रिय वन प्रयोग गर्नुपर्ने वा रुख कटान गर्नुपर्ने भएमा प्रचलित कानून बमोजिम त्यस्तो वन प्रयोग गर्न वा रुख कटान गर्न सकिनेछ ।

(२) राष्ट्रिय वन प्रयोग गर्दा वा रुख कटान गर्दा र त्यसबाट प्राप्त काठ प्रचलित कानून बमोजिम व्यवस्थापन गर्दा लाग्ने खर्च आयोजनाबाट व्यहोरिनेछ ।

## परिच्छेद ६
## बजेट विनियोजन र खर्च

२५. बजेट विनियोजनः (१) आयोजनाको लागि नेपाल सरकारबाट काठमाडौं–तराई/मधेश फाष्ट ट्र्याकको नाममा बजेट विनियोजन भई निकासा हुनेछ ।

(२) बजेट निकासा तथा अख्तियारी सम्बन्धि व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(३) आयोजनाको लागि विनियोजित बजेट आयोजना कार्यान्वयनमा खर्च गरिनेछ ।

(४) स्वीकृत बजेटको अधीनमा रही आयोजनाको लागि प्रचलित कानून बमोजिम खर्च गर्ने गराउने अधिकार आयोजना प्रमुखको हुनेछ ।

२६. पारिश्रमिक तथा बैठक भत्ता र अन्य सुविधा : अनुगमन समिति तथा निर्देशक समितिकासदस्यले पाउने बैठक भत्ता अर्थ मन्त्रालयबाट तोकिएको मापदण्डको अधिनमा रही निर्देशक समितिबाट निर्धारण भए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## विविध

२७. सहयोग गर्नुपर्नेः (१) कार्यालयले आयोजना कार्यान्वयन गर्न नेपाल सरकारका सम्बद्ध मन्त्रालय, सडक विभाग, स्थानीय तह तथा अन्य सम्बन्धित निकायहरुसंग आवश्यक समन्वय गरी सहयोग लिन सक्नेछ ।

(२) आयोजनाको लागि जग्गा प्राप्ति गर्ने, जग्गा नाप नक्सा र स्रेस्ता मिलान गर्ने, प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत गर्ने, राष्ट्रिय वन प्रयोग गर्ने वा रुख कटान गर्न स्वीकृति दिने, आयोजनाको लागि आवश्यक बजेट निकासा दिने, लेखा परीक्षण गर्ने लगायतका काम कारबाहीका सम्बन्धमा आयोजना प्रमुखबाट अनुरोध भई आएमा सम्बन्धित निकायले यथाशीघ्र त्यस्तो काम कारबाही गरिदिनु पर्नेछ ।

(३) आयोजना कार्यान्वयन सम्बन्धमा आयोजनाले माग गरेको विषयमा सम्बन्धित मन्त्रालय, विभाग वा अन्य सरकारी निकायले आवश्यक सल्लाह वा परामर्श उपलब्ध गराउनु पर्नेछ ।

२८. बीमा : आयोजना कार्यान्वयनको क्रममा प्रयोगमा आउने उपकरण, साधन, मालसामान तथा जनशक्तिको प्रचलित कानून बमोजिम बीमा गरिनेछ ।

२९. आवश्यक व्यवस्था गर्नेः आयोजना कार्यान्वयन सम्बन्धमा प्रचलित कानून तथा यस कार्यविधिको अधीनमा रही निर्देशक समितिले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

३०. प्रचलित कानून बमोजिम हुने : आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची

(दफा ११ को उपदफा (४) संग सम्वन्धित)

## कार्यालयको संगठन तालिका

